कामदार तथ्य पत्र

# Form I-9 का बारेमा शरणार्थीहरू तथा आश्रयार्थीहरूका लागि जानकारी

अमेरिकामा रोजगार सुरु गर्ने जोकोहीले फाराम **Form I-9**पूरा गर्नु पर्छ, जुन एउटा सरकारी फाराम हो जसलाई रोजगारदाताहरूले तपाईंको पहिचान तथा काम गर्ने अनुमति पुष्टि गर्न प्रयोग गर्दछन्।

यस तथ्य पत्रको उद्देश्य तपाईंहरू, आश्रयार्थीहरू तथा शरणार्थीहरू, लाई Form I-9 पूरा गर्न सहयोग गर्ने र तपाईंहरूलाई आफ्ना अधिकारहरू बारे जानकारी दिने हो। Form I-9 को प्रक्रियामा तपाईंलाई तपाईंको नागरिकता, आप्रवासन स्थिति, वा उत्पत्ति राष्ट्रका आधारमा विभेद गर्ने रोजगारदाताले आप्रवासन तथा राष्ट्रियता अधिनियम (Immigration and Nationality Act, INA) को केही अंश उल्लङ्घन गर्न सक्छन्। यो गैर-विभेद कानुन **8 U.S.C § 1324b** मा प्राप्त गर्न सकिनेछ।

## Form I-9 भर्दा

### Form I-9 को Section 1 का लागि आफू बारे जानकारी प्रदान गर्नुहोस्।

- आफ्नो नाम तथा आफूबारेका अन्य जानकारीहरू Form I-9 का Section 1 मा राख्नुहोस्।
    - यो खण्ड भर्नका लागि तपाईंले कसैको मद्दत लिन सक्नुहुन्छ।
- तपाईंले काम गर्नका लागि अनुमति प्रदान गर्ने स्थिति देखाउने बाकसमा चिनो लगाउनु पर्नेछ।

- ○ शरणार्थीहरू तथा आश्रयार्थीहरूले “A noncitizen authorized to work” (कामका लागि अनुमति प्राप्त गैरनागरिक) देखाउने बाकसमा चिनो लगाउनु पर्नेछ। यस बाकसकै छेउमा अन्तिम म्याद भर्नका लागि स्थान पनि रहेको छ।

- ○ तपाईँको काम गर्ने अनुमतिको म्याद नसकिने हुनाले उक्त मिति लेख्ने स्थानमा “N/A” (जसको अर्थ "लागू हुँदैन" भन्ने हो) लेख्नुहोस्।

**Form I-9 को Section 2 का लागि, आफ्नो पहिचान र काम गर्ने अनुमति प्रदर्शित गर्ने प्रलेखहरू आफ्नो रोजगारदातालाई देखाउनुहोस्।**

- Form I-9 मा Form I-9 को Section 2 का लागि देखाउन सक्ने प्रलेखहरूका तीनवटा सूचीहरू रहेका छन्:
  - List A (तपाईँको पहिचान र काम गर्ने अनुमति देखाउने प्रलेखहरू)
  - List B (तपाईँको पहिचान देखाउने प्रलेखहरू)
  - List C (तपाईँको काम गर्ने अनुमति देखाउने प्रलेखहरू)।

- तपाईँले आफ्नो रोजगारदातालाई आफ्नो छनोट यी मध्य एउटा देखाउनु पर्नेछः
  - List A का वा
  - List B र List C का संयुक्त प्रलेखहरू

- प्रलेखहरूको सूचीका अन्त्यमा receipts (रसीदहरू) को सूची सूचीकृत गरिएको छ। समयको विभिन्न अवधिका लागि Form I-9 मा receipt(s) पनि स्वीकार्य छन्।

**Form I-9 Lists of Acceptable Documents (Form I-9 स्वीकारयोग्य प्रलेखहरूको सूची) बाट आफूले देखाउनका लागि स्वीकारयोग्य प्रलेखीकरणहरूबाट छनोट गर्न पाउने अधिकार तपाईँको रहेको छ।**

तपाईँको रोजगारदाताले तपाईँको आश्रयार्थी वा शरणार्थी स्थिति वा तपाईँको उत्पत्ति राष्ट्रका आधारमा तपाईँको रोजगारदाताले तपाईँलाई कुनै निर्दिष्ट प्रलेख देखाउन आवश्यक गर्न सक्नेछैन। **निर्दिष्ट प्रलेखहरू आवश्यक गराउने रोजगारदाताले गैरकानुनी विभेद गरिरहेको हुन सक्छ।** उदाहरणका लागि, तपाईँसँग रोजगार अनुमति प्रलेख (Employment Authorization Document, EAD) हुँदाहुँदै, तपाईँले त्यसको साटो अर्को प्रलेख देखाउने निर्णय गर्न सक्नुहुन्छ, जस्तै कुनै राज्य पहिचान (List B को एउटा प्रलेख) तथा अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड (List C को एउटा प्रलेख)।

**तपाईंसँग कैयन प्रकारका Form I-9 स्वीकारयोग्य प्रलेखहरू हुन सक्छन्।**

- तपाईँले Form I-9 का लागि कुनै I-94 देखाउन सक्नुहुन्छ। तपाईँले होमल्यान्ड सेक्युरिटि विभाग (Department of Homeland Security) बाट कागजको I-94 प्राप्त गर्न सक्नुहुनेछ, वा **Customs and Border Protection** (भन्सार तथा सीमा सुरक्षा) को वेबसाइटबाट आफ्नो I-94 प्रिन्ट गर्न सक्नुहुनेछ।

- यदि तपाईं शरणार्थी हुनुहुन्छ भने, **तपाईंको I-94** तपाईंको रोजगारको पहिलो दिनबाट 90 दिनका लागि मान्य हुने List A प्रलेखका लागि एउटा रसीद हो। 90 दिन पछि, तपाईँले आफ्नो रोजगारदातालाई कुनै EAD वा **List B** प्रलेख तथा **अप्रतिबन्धित सामाजिक सुरक्षण** कार्ड दुवै देखाउनु पर्नेछ।

- यदि तपाईं कुनै आश्रयार्थी हुनुहुन्छ भने, तपाईँले आफ्नो I-94 लाई म्याद नसकिने **स्थायी List C प्रलेखका** रूपमा प्रयोग गर्न सक्नुहुन्छ।

- आश्रयार्थीहरू तथा शरणार्थीहरू EAD हरूका लागि योग्य हुन्छन्। यदि तपाईँले आफ्नो EAD नवीकरण गर्नका लागि आवेदन गर्ने निधो गर्नुभयो भने तथा तपाईंको निवेदन आफ्नो EAD मा उल्लेख गरिएको अन्तिम म्यादभित्र दायर गरियो भने, तपाईँले आफ्नो विद्यमान EAD बाटै आफ्नो काम जारी राख्न सक्नुहुन्छ। **तपाईंको** EAD को म्याद सकिएपछिको अवधिका लागि, तपाईँले आफ्नो रोजगारदातालाई I-797C रसीद सूचना (सरकारले आफ्नो नयाँ EAD को सूचना प्राप्त गरेको देखाउनका लागि) सहित आफ्नो EAD देखाएर काम जारी राख्न सक्नुहुन्छ। EAD को स्वतः समयावधि थपका विषयमा बढी जानकारीका लागि नागरिक अधिकार विभागको आप्रवासी तथा कर्मचारी अधिकार खण्ड (Immigrant and Employee Rights Section) मा फोन गर्नुहोस्।

- तपाईँले **हराएका, चोरी भएका, वा क्षति भएका** प्रलेखहरूका लागि रसीदहरू पनि देखाउन सक्नुहुनेछ।

**तपाईँले Form I-9 पूरा गरिसकेपछि, तपाईंको रोजगारदाताले सीमित परिस्थितिहरूमा मात्र तपाईंसँग प्रलेखहरू पुनः माग गर्न सक्छन्।**

- रोजगारदाताले कहिले प्रलेखहरू पुनः माग गर्न सक्छन् भन्ने विषयका नियमहरू **Handbook for Employers M-274** (M-274 रोजगारदाताहरूका लागि पुस्तिका) मा छलफल गरिएका छन्।

- यदि तपाईँले Form I-9 का लागि EAD देखाउनुभयो भने, तपाईंको काम गर्ने अनुमति पुनर्प्रमाणीकरण गर्नका लागि तपाईंको रोजगारदाताले तपाईंको EAD को म्याद सकिउन्जेलसम्म

कुनै अर्को प्रलेख माग गर्न सक्छन्। यस चरणमा, तपाईंले कुनै एउटा **List A** को प्रलेख वा एउटा **List C** को प्रलेख देखाउन सक्नुहुन्छ, जस्तै अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड। तपाईंले नयाँ EAD पनि देखाउन सक्नुहुन्छ, तर त्यसो गर्न जरुरी भने छैन।

- यदि तपाईंले काम गर्नका लागि अनुमतिको प्रमाणका रूपमा अप्रतिबन्धित सामाजिक सुरक्षण कार्ड Section 2 मा देखाउनुभयो भएको छ भने र Section 1 को म्याद सकिने स्थानमा "N/A" प्रविष्ट गर्नुभएको छ भने, तपाईंको रोजगारदाताले तपाईंलाई बढी प्रलेखको माग गर्न पाउनेछैनन्।

- आवश्यक नभएका खण्डमा प्रलेखहरूको माग गर्ने रोजगारदाताले तपाईंको आश्रयार्थी वा शरणार्थी स्थितिमा आधारित रहेर वा तपाईंको उत्पत्ति राष्ट्रमा आधारित रहेर कानुनको उल्लङ्घन गरिरहेका हुन सक्छन्। आफ्नो रोजगारदाताले कहिले कहिले बढी प्रलेखहरूको माग गर्न सक्छ भन्ने विषयमा बढी जानकारीका लागि आप्रवासी तथा कर्मचारी अधिकार खण्ड लाई फोन गर्नुहोस्।

## तपाईंले आफ्नो सामाजिक सुरक्षण सङ्ख्याको प्रतिक्षा गरिरहेको समयमा काम गर्न सक्नुहुनेछ।

- यदि तपाईंले रोजगार प्राप्त गर्नुभएको छ र अझै पनि सामाजिक सुरक्षण सङ्ख्या प्राप्त गर्नुभएको छैन भने, **सामाजिक सुरक्षा प्रशासनले** उक्त प्रतिक्षा अवधि भरि तपाईंलाई काम गर्न दिन रोजगारदाताहरूलाई निर्देशन दिनेछ।

- तपाईं आफ्नो सामाजिक सुरक्षण सङ्ख्याको प्रतिक्षामा हुँदा पनि, तपाईंको रोजगारदाताले तपाईंले पूरा गरेको कामका लागि तलब दिनु पर्नेछ।

- यदि तपाईंले आफ्नो रोजगार आरम्भ गरुन्जेल आफ्नो सामाजिक सुरक्षण सङ्ख्या प्राप्त गर्नुभएको छैन भने, Form I-9 को Section 1 को सामाजिक सुरक्षण सङ्ख्या बाकसलाई खाली राख्नुहोस्।

- यदि तपाईंको रोजगारदाताले E-Verify प्रयोग गर्छन् भने, तपाईंले आफ्नो SSN प्राप्त नगरुन्जेल E-Verify ले रोजगारदाताहरूलाई **प्रमाणीकरण केस निर्माणमा ढिलाई** गर्न निर्देशन दिन्छ। यदि तपाईंले Form I-9 पूरा गर्नुभएको छ भने यस अवधिमा काम गर्न सक्नुहुन्छ। **E-Verify नियमहरू** ले विशेष रूपमा यस अपवादको अवसर प्रदान गर्दछन् र केस निर्माणका लागि रोजगारदाताहरूलाई निर्देशनहरू प्रदान गर्दछन्। बढी जानकारी **e-verify.gov** मा उपलब्ध छ।

*सशोधित अगस्ट 2023*

*(अर्को पृष्ठमा जारी)*

## हामीलाई सम्पर्क गर्नुहोस

- थप मद्दतको लागि, आप्रवासी र कर्मचारी अधिकार खण्डको **कार्यकर्ता हटलाइनमा 1-800-255-7688** मा वा श्रवण असक्षमता भएका व्यक्तिहरूका लागि 1-800-237-2515 मा फोन गर्नुहोस्।
    - हामीबाट पाउने कुनै पनि सहयोग निःशुल्क छ। फोनकलहरू अज्ञात हुन सक्नेछन्, तथा निःशुल्क भाषा सेवाहरू उपलब्ध छन्।

- बढी जानकारीको लागि, **हाम्रो वेवसाइट** हेर्नुहोस
- विभेद रिपोर्ट गर्नका लागि **justice.gov/crt/filing-charge** मा जानुहोस्